चामुण्डा बिन्द्रासैनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, जम्बुकाँध दैलेख
कर्णाली प्रदेश,नेपाल

**नदिजन्य पदार्थ उत्खनन गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना**

**सूचना नं : ०२/२०८१/८२**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०६/१६**

चामुण्डाबिन्द्रासैनी नगरपालिकाको कार्यालय, दैलेखबाट चालु आ.व. २०८१/८२ मा तपसिलका नदि तथा खोलाहरुको स्वीकृत खोलाहरुमा निर्धारित मापदण्ड तथा तोकिएका सर्तहरु बमोजिम नदिजन्य पदार्थहरु (ढुंगा, गिट्टी, बालुवा तथा सिरखट) उत्खनन संकलन र बिक्री वितरणको कार्य कर्णाली प्रदेश सरकारले तोकेको दरमा नघट्ने गरी बन्दोबस्त गर्नुपर्ने भएकोले इजाजत प्राप्त र इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले तपसिल बमोजिमका सर्तहरुको अधिनमा रही रीतपूर्वकको खुल्ला दरभाउपत्र पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागी यो दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

१ दरभाउपत्र प्रथमपटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रु. १०००।०० (एक हजार) मात्र फिर्ता नहुने गरी यस कार्यालयको नेपाल एस बि आइ बैंक चामुण्डा शाखाको खाता नं ४१२९५२४१२०७००४ मा जम्मा गरेको सक्कल बैंक भौचर भरी यस कार्यालयको राजस्व शाखामा नगद रसिद बुझाएको नगदी रसिद फर्म वा कम्पनीको हकमा नविकरण/अद्यावधिक भएको दर्ता इजाजत प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र आ.व. ०८०।०८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (नोटरी पब्लिक) र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित लिखित निवेदन दिई दरभाउपत्र फारम सम्बन्धी कागजातहरु यस नगरपालिकाको कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२ दरभाउपत्र खरिद गर्ने अन्तिम मिति २०८१/०६/३० गते कार्यालय समयभित्र ।

३ दरभाउपत्र दर्ता मिति र स्थान २०८१/०७/०१ दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

४ दरभाउपत्र खोल्ने मिति २०८१/ ०७/०१ दिनको २:०० बजे बोलपत्रदाता वा निजहरुले अख्तियारी दिई पठाएका प्रतिनिधिको रोहबरमा खोलिनेछ । तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्नमा बाधा पर्नेछैन ।

५ दरभाउपत्र पेश गर्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिनमाथि उल्लेख गरेको मिति र समयमा दरभाउपत्र पेस गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधी भने साविकको मिति देखि गणना गरिने छ ।

६ दरभाउपत्र साथ जमानत/धरौटीबापत आफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम तपसिल बमोजिमको बैंकमा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक (बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंकहरु) बाट यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र को मान्य अवधिभन्दा कम्तीमा ३० (तीस) दिन बढी म्याद भएको सक्कल बिडबण्ड बुझाउनु पर्नेछ ।

बैंकको नाम : नेपाल एस् बि.आइ बैंक

कार्यालयको कोड नं : ८०५६७४०२३००

धरौटी खाता नं : (चा.बि.) ४१२२५२४०५००००७

कार्यालयको नाम : चामुण्डाबिन्द्रासैनी नगरपालिकाको कार्यालय, दैलेख ।

७ दरभाउपत्रमा BOQ भन्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । यदी अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

८ खरिद गरेको दरभाउपत्र , फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी लाहाछाप लगाई, खामको बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का नं , प्रोपराइटरको नाम, ठेगाना, फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई पेस गर्नुपर्नेछ ।

९. एक फर्मको नामबाट खरिद गरिएको दरभाउपत्र अर्को फर्मको नाममा प्रयोग गर्न पाइने छैन ।

१० कार्यालयको छापसहितको र अधिकार प्राप्त व्यक्तिको सही भएको सक्कली दस्तुरसहितको खुल्ला दरभाउपत्र बाहेक अन्य दरभाउपत्र लाई मान्यता दिईने छैन ।

११ दरभाउपत्रमा कुनैत्रुटी हुनगएमा त्रुटी सुधार तथा संशोधन गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

१२ दरभाउपत्रमा पुरै वा आंशिकरुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१३ दरभाउपत्र दाताले दरभाउपत्रमा मूल्य अभिवृद्धी कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ ।

१४ दरभाउपत्र दाता सबै फर्महरुको कामको स्थल र कामको विवरण र दरभाउपत्र फारमका ठेक्काका सर्तहरु सम्बन्धमा राम्रोसँग बुझी बुझेर दरभाउपत्र भरेको मानिने छ ।

१५ दरभाउपत्र कुनाल खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखितरुपमा घोषणा गरेको कागजात दरभाउपत्र फारमसाथ पेश गर्नुपर्नेछ ।

१६ म्याद नाघी आएको वा रित नपुगेको वा कुनै सर्त राखी पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

भक्त बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत

१७ दरभाउपत्र सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधनसहित), सार्वजनिक खरिद नियमावली २०६४ (पाचौं संशोधन सहित) तथा नेपालको संघिय र कर्णाली प्रदेश सरकारको अन्य ऐन,नियम, कार्यबिधीहरु बमोजिम हुनेछन ।

१८. दरभाउपत्र स्वीकृत भएमा सोको सुचना पाएको वा कार्यालयमा सुचना टाँस भएको मितिले ७ दिनभित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्तावापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्तावापत ५० प्रतिशतले हुने रकम नेपाल रास्ट्र बैंकबाट इजाजत प्राप्तबैंक (परफरमेन्स बण्ड जारी गर्न सक्ने बैंकहरु) बाट यस कार्यालयको नाममा २०८१ साल साउन मसान्तसम्म म्याद सहित जारी गरेको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा पठाउनुपर्ने छ । साथै अग्रिमरुपमा एकमुष्ट कबोल अंक दाखिला गरेमा कबोल अंकको १० प्रतिशत सम्म रकम छुट दिन सकिनेछ । साथै ठेक्का कबोल गर्ने ब्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक, सेवा,शुल्क बापत हुन आउने जम्मा रकमको नियम अनुसार थप १३% भ्याट रमक समेत यस कार्यालयमा बुझाउनु पर्ने छ । नियम अनुसार नेपालको संघिय र कर्णाली प्रदेश सरकारलाई आएकर तथा अन्य कर ठेकेदारले छुट्टै बुझाउनु पर्नेछ ।

१९ तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रमक जफत गरी नियमानुसार ठेक्का बन्दोबस्त गरिनेछ ।

२०.दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी दरभाउपत्र फाराममा उल्लेख गरियको हुंदा सोही पुस्तिकाबाट अवगत गर्न र अन्य केहि कुरा बुझाउनु परेमा यस कार्यालयमा कार्यालय समय भित्र बुझ्न सकिनेछ ।

| सि.न. | ठेक्का नं. | योजनाको नाम | कामको विवरण स्थान | उत्पादन परिमाण (घन मि) | न्यूनतम ठेक्का रकम (सेवा शुल्क र मु.अ.कर बाहेक) | बैंक जमानत धरौटी रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | SQ/BGM/01/2081/082 | नदिजन्य पदार्थहरु ( ढुंगा, गिट्टी बालुवा तथा मिस्कट) उत्खनन तथा संकलन एवं आन्तरिक विक्रि वितरण कार्यको कर असुल उपरसम्बन्धी ठेक्का | चामुण्डाबिन्द्रासैनि नगरपालिका अर्न्तगत नदि जन्य पदार्थहरु (ढुंगा, गिट्टी, बालुवा तथा मिस्कट उत्खनन तथा संकलन र बिक्रि वितरण कार्य पादुका खोला ( गढेज्यूला देखि लामादुवाला सम्म) | ६,०००.०० | ६,३५,७६०.०० | २.५ प्रतिशत ( कबोल अंकको) |
| | SQ/BGM/02/2081/081 | | रामाघाट खोला खोला ( मटेला - पुलबजार - रामाघाट) | ७,०००.०० | ७,४१,७२०.०० | |

प्रमुख प्रशासकिय अधिकृत

भक्त बहादुर मल्ल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner